# थबाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३
च.नं.: ९४६

मिति : २०८२।०७।१२
ने.सं.:११४६ कछलाथ्व सप्तमी

श्री विद्यालय (सबै)
श्री वडा कार्यालय (सबै)
थबाङ गाउँपालिका, रोल्पा।

**विषय : वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सिफारिस गरि पठाईदिनुहुन।**

प्रस्तुत विषयमा वैदेशिक रोजगार सन्तति छात्रवृत्ति सञ्चालन कार्यविधि,२०८० बमोजिम श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा गई करार अवधि भित्र मृत्यु भएका वा शत प्रतिशत अशक्त भएका एवं कल्याणकारी कोषबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका विद्यालयमा अध्ययनरत १८ वर्ष मुनिका बालबालिकाहरुलाई उपलब्ध गराईने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका विद्यार्थीहरुलाई सो कार्यक्रममा आवद्ध गर्ने कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी २०८२ कार्तिक मसान्तसम्म इच्छुक विद्यार्थीहरुले यस थबाङ गाउँपालिकाको रोजगार सेवा केन्द्रमा निवेदन पेश गर्न हुन जानकारी गरिन्छ। साथै वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि २०८० तथा विस्तृत सूचना सचिवालयको वेब साईट www.feb.gov.np बाट डाउनलोड गरी विस्तृत विवरण प्राप्त गर्न सकिनेछ।

**छात्रवृत्तिका लागि निवेदन दिने आधारहरु**

- आफु अध्ययनरत शैक्षिक संस्थामा अनुसुची १ वमोजिमको ढाँचामा ,
- श्रमिकको राहदानीको प्रतिलिपि ,
- छात्र/छात्रा वा निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र बैंक खाता,
- मृतकको हकमा मृत्यू दर्ताको प्रमाणपत्र र श्रमिकको अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाण पत्रको प्रतिलिपि,
- छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि,
- निवेदनको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि,

२०८२।०७।१२
तुल बहादुर पुन
नि .प्रमुख प्रशासकीय अधिकृत